जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४० 
# नवीन साप्ताहिक
म.नि.हु.का.द.नं. ६/०६४/०६५
वर्ष ४३ अंक ११ २०८१ साल असोज २० गते आइतवार (6 Oct 2024 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** पर्यटकीय करीडोर निर्माणका लागि ...**पृष्ठ ५ मा :** छोटो समयको अवधीमा मुलुकमा थुप्रै.. **पृष्ठ ५ मा :** नाइजेरियामा दश हजारभन्दा ... **पृष्ठ ६ मा :** बाढी नियन्त्रणका लागि नेपालले ...

## छिन्नमस्ता मन्दिरमा सहज ढंगले पुजा गर्ने लगायतका विभिन्न निर्णयहरु गरिए



**राजविराज**/मुलुककै प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता मन्दिरमा दशैंको बेला आउने भक्तजनहरुका लागि सहज ढंगले पूजा गर्न, भिड व्यवस्थापन तथा मेलालाई व्यस्थित गर्ने लगायतका विभिन्न निर्णयहरु गरिएको छ ।

सप्तरी प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्रातीको अध्यक्षता तथा गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीको प्रमुख आतिथ्यमा शनिबार मन्दिर प्राङ्गणमा आयोजित बैठकमा उक्त निर्णयहरु गरिएको हो ।

भिड व्यवस्थापन सुरक्षा निकायले गर्ने, रेडक्रस, स्वास्थ्य कार्यालय र गाउँपालिकाको समन्वयमा स्वास्थ्य शिविर, फोहर व्यवस्थापन र एम्बुलेन्स संचालन गर्ने, डिभिजन सडक कार्यालयले सडक मर्मत र सुधार गरी सहज व्यवस्था मिलाउने, मेलाको समयमा अनावश्यक रुपमा हुने रकम संकलन कार्यलाई राजविराज नगरपालिका, छिन्नमस्ता गाउँपालिका र मन्दिर समितिको समनवयमा सुरक्षा निकायले रोक्ने निर्णयहरु गरिएको छ ।

त्यस्तै खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले चाड पर्वको बेला खाद्य पदार्थको निरन्तर चेकजाच गर्ने लगायतका निर्णयहरु गरिएको छ ।

सो बैठकमा जिल्लाका सरोकारवाला निकाय, सुरक्षा समितिका पदाधिकारीहरु, गाउँपालिकाका पदाधिकारी, मन्दिर समितिका पदाधिकारी तथा संचारकर्मी लगायतको सहभागिता रहेको थियो ।

## सुरक्षित समाज निर्माणमा प्रहरीसँगै सञ्चार क्षेत्रको भूमिका महत्वपूर्ण



**राजविराज**/सप्तरीका नयाँ प्रहरी प्रमुख ढेकेन्द्र खतिवडाले प्रहरी र सञ्चारमर्कीको कार्य जिम्मेवारी फरक भएपनि दुवैको उद्देश्य पीडितलाई न्याय र समाजमा शान्ति सुव्यवस्था कायम रहोस नै रहेको बताएका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीमा शनिबार पत्रकारहरुसँगको परिचयात्मक तथा भेटघाट कार्यक्रमको आयोजना गरि उनले यस्तो बताएका हुन् ।

आफनो कार्यकक्षमा पत्रकारहरुसँगको परिचयात्मक तथा भेटघात कार्यक्रममा उनले पीडितलाई न्याय र समाजमा शान्ति सुव्यवस्था कायम गर्न प्रहरी र सञ्चारकर्मी दुवैको एउटै उद्देश्य भएकाले समान उद्देश्य बोकेका संस्था आपसी सद्भाव, समन्वय र मिलेर काम गर्दा भन प्रभावकारी हुने बताए ।

१५ वर्ष अघि सप्तरीकै शम्भुनाथस्थित जिल्ला ट्राफिक प्रहरी कार्यालयमा १५ महिना ट्राफिक प्रहरी प्रमुखको जिम्मेवारी बहन गरिसकेका प्रहरी उपरिक्षक खतिवडाले आफ्नो कार्य कुशलता र छिन्नमस्ता भगवतीको कृपाले पुन: यस जिल्लामा थप जिम्मेवारीका साथ फर्किएको र सबैको साथ सहयोग लिएर समाजमा शान्ति सुरक्षा कायम गर्न सफल हुने विश्वास समेत व्यक्त गरे ।

पत्रकारको निष्पक्ष र वस्तुगत रिपोर्टिङ्ग प्रहरीलाई आफ्नो कर्तव्यपथमा निर्भिक र जिम्मेवार भएर अघि बढ्न तथा संगठनलाई मर्यादा र कर्तव्यबाट विचलित हुन नदिन मदत पुर्याउने भन्दै उनले काम गर्दै जादाँ कुनै त्रुटी भए सचेत र आवश्यक सुझाव दिन समेत सञ्चारकर्मीहरुसँग अनुरोध गरे ।

सो अवसरमा सञ्चारकर्मीहरुले जिल्लामा देखिएका विभिन्न समस्या र शान्ति सुरक्षा कायम गर्न प्रहरीले चाल्नु पर्ने कदमबारे आ-आफ्ना सुझाव दिएका थिए ।

## उद्योगि व्यवसायीहरुलाई अनावश्यक दु:ख दिने गरेको गुनासो

**राजविराज**/सप्तरीका उद्योग व्यवसाय धरासायी बन्दै गएको बेला स्थानीय प्रहरी प्रशासनले समेत ती उद्योगि व्यवसायीहरुलाई अनावश्यक दु:ख दिने गरेको गुनासो गरिएको छ ।

उद्योग बाणिज्य संघ सप्तरीद्वारा बिहीबार आयोजित दशैं, तिहार, छठ र नेपाल सम्वत ११४५ को शुभकामना आदान प्रदान कार्यक्रममा उनीहरुले यस्तो गुनासो गरेका हुन् ।

उद्योग बाणिज्य संघ सप्तरीका अध्यक्ष लालु प्रसाद अग्रवालले उद्योग व्यवसाय नचल्दा एकातिर बजारमा एकपछि अर्को पसलहरु बन्द हुन थालेको र अर्कोतिर अब्यवाहरीक कर, बजार अनुगमनको नाउँमा व्यापारीलाई कारोबारमै असर पर्नेगरि ठूलो रकम जरिवाना तिनुपरेको बताए ।

यस्तै बैंकको ब्याज, कच्चा पदार्थको अभाव, जिर्ण बाटोघाटो, अव्यवहारीक कर लगायतका कारणले यहाँका उद्योगि व्यवसायीहरु घरवार बेचेर पलायन हुन थालेको उनले बताए ।

कार्यक्रममा उद्योग बाणिज्य महासंघका केन्द्रिय सदस्य अरुण प्रधानले राजविराज नगरपालिकामा मात्रै ६८ विगहा जती बिर्टौरी जग्गामा पुस्तौदेखी बसोवास गर्दै आएका करिब ४ हजार ७ सय परिवार अझै लालपूर्जा पाउन नसक्दा समस्यामा परेका बेला बैंक र बित्तिय संस्थामा सो जग्गा धितो राखी ऋण कर्जा पाउन नसकेको बताए ।

आर्थिक मन्दी, बैंकको ब्याज, कच्चा पदार्थको अभाव, अव्यवहारिक मौद्रिक र कर नीति तथा बिर्टौरी, ब्लक र स्थानीय मार्गको मापदण्ड लगायत विभिन्न जग्गा रोक्का र फुकुवामा रोक लगायतका कारणले उद्योगी व्यवसाय धरापमा पर्दै गएको गुनासो गरेका हुन् ।

मंगलमय शुभकामना



हिन्दुहरु[illegible] चाड वडा दशैं, [illegible] पर्व २०८१ [illegible] शुभकामना व्यक्त [illegible]छौं ।

नवीन साप्ताहिक परिवार

सभ्य रूपमा चाडपर्व मनाऔं

- चाडपर्वमा तडक-भडकसहितका खर्चिला कार्यक्रमहरू नगरौं ।
- चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं ।
- संस्कृति र परम्परा जोगाऔं, चाडपर्वको मौलिक पक्षको संरक्षण गरौं ।
- सबैको चाडपर्व एवम् संस्कृतिको सम्मान गरौं ।
- चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### निराशपूर्ण दशैं

बाढी पहिरोले मुलुकमा गरेको क्षतिका कारण यस पटकको दशैंमा रौनक देखिएको छैन् । हालै आएको दैवी प्रकोपका कारण मुलुक भरीका सडकहरु अवरुद्ध भएकाले मानिसहरु दशैंमा घर समेत आउन पाएका छैनन् । त्यसबाहेक मुलुक अझै आर्थिक मन्दीबाट उम्किन नपाउँदा पनि दशैंमा रौन नदेखिएको हो । यस बाहेक सप्तरीका अधिकांश स्थानीय तहका कर्मचारीहरुले यस पटकको दशैंमा तलब समेत खान पाएका छैनन् । आमजनताले दशैं उत्साहपूर्ण रुपमा नमनाउँदा व्यापार समेत चौपट बनेको छ ।

कपडा व्यापारी, खाद्यान्न पसलेहरु समेत यस पटक निरास बनेका छन् । जनतासँग आवश्यकता पूर्ती गर्न समेत पैसा नभरहेको अवस्थामा त्यसको असर व्यापारीहरुमा परेको छ । दशैंमा विभिन्न मठ मन्दिरमा समेत दर्शनालु भक्तजनहरुको कम भिड लागेको छ । दशैंको बेला मन्दिरहरुमा बढी भिडभाड हुने गर्छ । तर, यस पटक मन्दिरमा समेत खासै रौनक देखिएको छैन । दशैंमा घर आउनेहरुको पनि कमी भएको छ ।

तसर्थ वर्षभरीको महान चाड दशैं खल्लो हुनुमा दैवी प्रकोप मुख्य रहेको छ । त्यसपछि सरकारको आर्थिक नीति । जबसम्म मुलुकको आर्थिक नीतिमा सुधार हुँदैन तबसम्म दशैंमा रौनक आउँदैन् । दशैं मात्र नभएर अन्य चाडपर्व पनि रौनकबिहीन नै हुन्छ । यसका लागि जनताले नै सम्बन्धित निकायमा खबरदारी गर्न आवश्यक छ ।

# पर्यटकीय करीडोर निर्माणका लागि प्रदेश सरकारले देखाएको चासोले स्थानियमा खुसी




**राजबिराज**/मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखिले "कोशि टप्पु बन्यजन्तु आरक्ष" संग जोडिएको सप्तरी जिल्ला अन्तर्गतको बिभिन्न स्थानलाई पर्यटकीय स्थलका लागि निरन्तर पहल गरेपछी अहिले स्थानीयहरु खुशी भएका छन् ।

जिल्लाको सप्तकोशी नगरपालिकाको फत्तेपुर, ऐतिहासिक चन्द्रनहर हुँदै हनुमाननगर सम्मको करीब २५ किलोमिटर क्षेत्रमा रहेका मन्दिर, देवस्थल, सिमसार, दह, कोशि ब्यारेज लगायतको पर्यटकिय सम्भावना बोकेको धरोहरहरुलाई समेटेर पर्यटकिय करीडोरको रुपमा बिकाश गर्ने मागसहित बिगतका बर्षहरुदेखि निरन्तर प्रदेश सभा, नीति आयोग तथा सम्बन्धित निकायमा दवाव सृजना गर्दै आएपछि प्रदेश सरकारले प्रदेश गौरबको आयोजनाको रुपमा सम्भावित क्षेत्रमा पर्यटकिय करिडोरको रुपमा बिकाश गर्न मन्त्री चासोले देखाएका हुन् ।

२०८१ असोज १४ गते गृहमन्त्री लेखिले प्रदेश नीति तथा योजना आयोगको पन्च बर्षिय योजना तयार भई स्वीकृत हुने चरणमा रहेको हुदा सप्तरीको पर्यटकिय क्षेत्र को रुपमा बिकाश गर्न सकिने सम्भावित क्षेत्र हरुलाई पर्यटकिय करिडोरको रुपमा बिकाश गरिनु पर्ने मागसहित नीति आयोगका उपाध्यक्ष डा.सोहन साहलाई ध्यानकर्षण पत्र बुझाएका थिए ।

त्यस लगत्तै असोज १७ गते नीति आयोगका उपाध्यक्ष डा. साहसहित डा. शिला मिश्रा, डा. रिना यादब, रामचन्द्र यादब, राज कुमार सिंहसहितको नीति आयोगको टोलि मन्त्री लेखीको नेतृत्वमा सम्भावीत पर्यटकिय क्षेत्रको अध्यन अबोलोकन समेत गरेको थियो ।

गृह, सञ्चार तथा कानुन मन्त्रालयको पहलमा असोज १८ गते सप्तकोसी नगरपालिकास्थित गोवर्द्दन बैरागी जनता उच्च माबीको सभाहलमा बृहत अन्तरक्रिया कार्यक्रम समेत सम्पन्न भएको छ । कार्यक्रममा गृहमन्त्री लेखी, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. साह लगायत आयोगका पदाधिकारी, पुर्व राष्ट्रिय सभा सदस्य सुमनराज प्याकुरेल, सप्तकोसी नगरपालिकाका नगरप्रमुख कृष्ण प्रसाद ढकाल, उपप्रमुख रिता चौधरी, अग्निसाईर कृष्णासवरन गाउँपालिकाका उपाध्यक्ष कल्पना चौधरी लगायत बडा अध्यक्षहरुको उपस्थिती रहेको थियो । सो अन्तरक्रिया कार्यक्रममा बिभिन्न राजनैतिक दलको प्रतिनिधिहरुको समेतको उपस्थिती रहेको थियो ।

अन्तरक्रिया कार्यक्रममा सहभागीहरुले पर्यटकिय करिडोरको बिकाश हुदा आन्तरिक तथा बाह्य पर्यटकको आगमनले रोजगारको अवसरको सृजना भई आर्थिक समृद्धी हुने भएको हुदा आफ्नो धारणा राख्ने क्रममा खुसी ब्यक्त गरेका थिए ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



हार्दिक मंगलमय शुभकामना



२०८१ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भुपेन्द्र प्रसाद यादव
अध्यक्ष, तथा
समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.
संचालक समिति परिवार
राजविराज ८, सप्तरी



हार्दिक मंगलमय शुभकामना



२०८१ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विश्वनाथ मण्डल
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज ९, मलेठ, सप्तरी

# कतिपय स्थानीय तह सूचनाको हकबारे अनभिज्ञ

**अजयकुमार साह**

राष्ट्रिय सूचना आयोगले प्रकाशित गर्ने त्रैमासिक प्रतिबेदनहरू हेर्दा सूचनाको माग बढेको पाइन्छ ।

पछिल्लो समय सूचना मागकर्ताले सार्बजनिक निकायमा सूचना माग गरिरहेका छन् । सार्बजनिक निकायले भने सूचना दिन इन्कार गर्ने, अपुरो सूचना दिने वा निबेदनै दर्ता गर्न नमान्नेदेखि कतिपय अबस्थामा सूचना दिनुको सट्टा धम्की समेत दिइएकाले आयोगसमक्ष उजुरी र पुनराबेदनको संख्या दिनानुदिन बढिरहेको अबस्था छ ।

सूचना मागकर्ताहरू, पुनराबेदन कर्ताहरू र उजुरी कर्ताहरुमा सर्वसाधारणदेखि अभियन्ता समेत छन् । अधिकांश निबेदन, पुनराबेदन र उजुरीहरू स्थानीय तहसँग सम्बन्धित रहेका छन् ।

अभियन्ताले सर्बसाधारण नागरिकको सबालसँग जोडिएका सूचना सार्बजनिक हितका लागि माग गरेको पाइएको छ । सूचनाका हकका लागि राष्ट्रिय महासंघको इमेलमा मात्रै साप्ताहिक रूपमा सयौँको संख्यामा सूचना माग गरेका निबेदन बोधार्थका रूपमा प्राप्त भइरहेका छन् ।

सूचना मागका निबेदनहरू दिन प्रतिदिन बढ्दै जानुको मुख्य श्रेय सूचनाको हकलाई प्रबर्द्धन गर्न अहोरात्र खटिरहेका अभियन्तालाई नै जान्छ ।

अहिले ७५३ वटा स्थानीय तहमा जनप्रतिनिधि रहेका छन् । जनताको सबैभन्दा नजिक भनेको जनप्रतिनिधि नै हो । स्थानीय तहले गर्ने कामकाजका बारेमा स्थानीय जनतालाई सुसूचित गर्नु ती निकायको जिम्मेवारी र दायित्व हो, जनप्रतिनिधिहरूको उत्तरदायित्व पनि हो ।

सूचनाको हकसम्बन्धी ऐन २०६४ को परिच्छेद २ को दफा ४ ले समेत सार्बजनिक निकायको दायित्वबारे स्पष्ट व्याख्या गरेको छ । उक्त दफाको क, ख, ग, घ मा स्पष्ट रूपमा जिम्मेवारी र दायित्वबारे व्याख्या गरिएको छ । ती निकायले सूचनाहरूको बर्गीकरण गरी अद्यावधिक गर्नुपर्ने, सार्बजनिकीकरण गर्नुपर्ने, सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने, आफ्नो काम-कारबाही खुला र पारदर्शी रूपले सञ्चालन गर्ने, सूचनाको हक प्रबर्द्धन गर्नका लागि आफ्ना कर्मचारीलाई उपयुक्त तालिम दिने जस्ता प्राबधान स्पष्ट रूपमा उल्लेख छन् । यद्यपि सार्बजनिक निकाय आम नागरिकको संबैधानिक (मौलिक हक) र कानुनी हकको प्रबर्द्धनमा चुकेको देखिन्छ ।

अधिकांश जनप्रतिनिधिले सूचनाको हकका विषयमा अनभिज्ञता प्रकट गर्ने गरेको पाइएको छ । अर्कोतर्फ ती स्थानीय तहमा काम गर्ने प्रशासकीय प्रमुख र तोकिएका सूचना अधिकारीले ऐनका बारेमा आलटाले कुरा गरेको पाइएको छ । अझ सूचना सजिलै नदिने मनसायले ऐनका प्राबधानलाई अपव्याख्या गरेको समेत पाइएको छ । स्पष्ट रूपमा भन्न सकिन्छ, उनीहरूले नागरिकको यो हकलाई प्रबर्द्धन गर्न खासै रुचि देखाएका छैनन् ।

अब प्रश्न उठ्छ, किन उनीहरू नागरिकको यो मौलिक हकको प्रबर्द्धन गर्न चाहँदैनन्, किन ती पदाधिकारीले सर्बसाधारणले माग गरेको सूचना दिन चाहँदैनन् ?

भन्ने बेला जनताको नजिकको सरकार भन्ने, मनलागी कर पनि असुल्ने अनि जनताले तिनै सरकारसँग आफूले के-कस्ता सेवा-सुविधा यस निकायबाट पाउने हो, ती निकायमा भएको वा गरेको कामको सूचना सार्बजनिक भयो कि भएन भन्नेबारे सूचना माग्दा सूचनै नदिने यो कस्तो प्रबृत्ति मौलायो ?

आव २०७९/८० को सुरुवाती महिनामै महालेखा परीक्षकको आवधिक प्रतिबेदन सार्बजनिक भयो, उक्त प्रतिबेदनमा स्थानीय निकायको अर्बौं रुपैयाँ बेरुजु रहेको सार्बजनिक भएको छ ।

यी त भए महालेखाले बेरुजु निकालेका तथ्यांकहरू । अझ ती निकायमा भएका कामका खर्च र प्रक्रियाहरू पारदर्शी नभएको तथा दस्ताबेजीकरण नगरेको पाइएको छ । अनि आफैँ पारदर्शी र सुशासनमुखी नभएपछि कहाँबाट सूचना दिने होला, के सूचना दिने होला !

यसरी सूचना लुकाउने, दिनै नमान्ने, दिए पनि अपुरो सूचना दिने घटना गाउँ-गाउँबाट सार्बजनिक भइरहेका छन् । अर्कोतिर, गाउँ-गाउँमा क्रियाशील रहेका सूचनाको हकका अभियन्ताले ती निकायसँग कानुनसम्मत आफ्नो व्यक्तिगत प्रयोजन र सार्बजनिकीकरणका लागि सूचना उपलब्ध गराइपाउँ भनेर कानुनसम्मत निबेदन लेखेर र चाहिएको सूचनाबारे स्पष्ट बिबरण खुलाएर निबेदन दिएका छन् । सम्बन्धित निकायले भने निबेदन नै दर्ता गर्न नमानेको, किन चाहियो सूचना भनेर हप्काएको, गुन्डागर्दी शैलीमा आफ्ना आसेपासे लगाएर कार्यालयबाट बाहिर निकालेको जस्ता क्रियाकलाप दिन प्रतिदिन सार्बजनिक भइरहेका छन् ।

यस्ता समस्यामा सूचनाको हकका लागि राष्ट्रिय सञ्जालले मध्यस्थकर्ताको भूमिका खेलिरहेको सर्वबिदितै छ । सञ्जालका तर्फबाट सूचना मागकर्ता र माग गरिएको सार्बजनिक निकायबिच बिबाद भएको वा दुबिधा भएको अबस्थामा छलफल तथा आयोगसँग समन्वय र सहकार्य गरेर पुनः सूचना दिने वातावरण तयार गरेको प्रशस्त उदाहरण छन् ।

उदाहरणका लागि पछिल्ला केही घटनालाई लिन सकिन्छ । २०७७ कात्तिक १७ गते कार्यालय समयमा पर्सा जिल्लाको बीरगन्जस्थित जिल्ला आयुर्बेद स्वास्थ्य केन्द्रमा स्थानीय युवा अभियन्ताको नौजनाको टिमले सूचना माग गरेको थियो । उनीहरुले उक्त कार्यालयको कर्मचारीको बिबरण, वार्षिक आम्दानी र खर्च, समीक्षा गोष्ठीको खर्च लगायत सूचना माग गरी निबेदन लेखेका थिए । तर कार्यालय प्रमुख र सूचना अधिकारीले निबेदन नै मिलेन भन्दै दर्ता नगरी कार्यालयको माथिल्लो तलाबाट निबेदन फालिदिए । त्यसपछि उनीहरुले प्रहरी बोलाई उल्टै सूचना मागकर्तालाई नै प्रहरीको नियन्त्रणमा पुऱ्याएका थिए । यो घटनाले हल्लीखल्ली नै पाऱ्यो । सञ्जालको पहलकदमीमा सूचना मागकर्तालाई तुरुन्त रिहाइ गरियो । पछि जिल्ला आयुर्बेद स्वास्थ्य केन्द्रका प्रमुखसँग सौहार्द बाताबरणमा छलफल भई माग गरिएको सूचना दिनका लागि र आगामी दिनमा सूचना सार्बजनिक गर्ने बाताबरण मिलाउने गरी सहमति भयो । हाल उक्त कार्यालयले सूचना माग निबेदन दर्ता गर्न अग्रसर भएको र केही हदसम्म सूचना दिने बाताबरण बनाएको बुझिएको छ ।

२०७८ जेठ ९ अभियन्ता शशिबिक्रम कार्की (ठेगाना : सूर्यबिनायक, भक्तपुर) ले राष्ट्रपति कार्यालयमा निबेदनमार्फत सूचना माग गरेका थिए । २०७८ जेठ ७ गते नेपालको संबिधानको धारा ७६ (५) बमोजिम सरकार गठनका लागि तत्कालीन बहालबाला प्रधानमन्त्री केपी शर्मा ओली र प्रमुख प्रतिपक्षी दलका नेता शेरबहादुर देउबाले राष्ट्रपतिसमक्ष पेस गरेको निबेदन र सो निबेदनसँगै पेस गरिएको कागजातसम्बन्धी सूचना माग गरिएको थियो । राष्ट्रपति कार्यालयका सूचना अधिकारीले २०७८ जेठ २१ मा सूचनाको हकसम्बन्धी ऐन २०६४ को धारा ७ को उपधारा १ बमोजिम सूचना प्राप्त गर्नुपर्ने कारण सो निबेदनमा स्पष्ट खुलाएको नदेखिएको हुँदा यसमा थप कारबाही गर्न असमर्थ रहेको भन्ने बेहोराको पत्र उपलब्ध गरायो ।

अभियन्ता कार्कीले सूचना के प्रयोजनका लागि माग गरिएको हो, सोका बारेमा निबेदनमै स्पष्ट खुलाएका थिए तर पनि राष्ट्रपति कार्यालयका सूचना अधिकारीले यस्तो जवाफसहितको पत्र पठाउनु भनेको सरासर सूचनाको हकसम्बन्धी ऐन २०६४ को मर्मबिपरीत रहेको देखियो ।

यसले आम नागरिकको सुसूचित हुने संबैधानिक मौलिक हकलाई नै कुण्ठित गरेको कुरा स्पष्ट भयो । यो घटनामा राष्ट्रपति कार्यालयका सूचना अधिकारीको यो कदमले संबिधानको धारा २७, सूचनाको हकसम्बन्धी ऐन २०६४ र नियमाबली २०६५ लाई नै प्रभाबित तुल्याएको स्पष्ट देखिन्छ ।

सूचना माग निबेदनमा निबेदकले स्पष्ट रूपमा ऐनको धारा ७ को उपधारा १ बमोजिम नै 'मेरो व्यक्तिगत प्रयोजन तथा सुशासन प्रबर्द्धनका लागि' भन्ने कुरा प्रस्ट रूपमा खुलाउँदा समेत सो कुरालाई इन्कार गरेको देखियो ।

उक्त घटनाबारे सञ्जालले २०७८ जेठ २४ मा प्रेस बिज्ञप्ति नै जारी गऱ्यो र सम्बन्धित निकायको ध्यानाकर्षण गरायो । आयोगले पनि यस सम्बन्धमा कारबाही अगाडि बढायो । सूचना मागकर्ता शशिबिक्रम कार्कीले पुनः राष्ट्रपति कार्यालयको कार्यालय प्रमुखसमक्ष उजुरी दिए । अनि मात्र राष्ट्रपति कार्यालय सूचना उपलब्ध गराउन बाध्य भयो । राष्ट्रको गरिमामय निकायमा काम गर्ने पदाधिकारीले नै यस्तो रबैया देखाएपछि अन्य निकायको अवस्था के होला भन्ने सहजै अनुमान गर्न सकिन्छ ।

अर्को उदाहरणीय घटना झापा जिल्ला, हल्दीबारी

*बाँकी चार पृष्ठमा*


## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**रुपनी गाउँपालिका, सप्तरी**



## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**तिरहुत गाउँपालिका, सप्तरी**



## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**राजगढ गाउँपालिका, सप्तरी**

# शैक्षिकस्तर सुधारका निम्ति बालबालिकालाई शैक्षिक सामग्री वितरण

**राजविराज**/सप्तरीको राजगढ गाउँपालिकास्थित एक विद्यालयमा बालबालिकाको शैक्षिकस्तर सुधार तथा विद्यालयसम्म पहुँच पुर्‍याउने उद्देश्यले शैक्षिक सामग्री वितरण गरिएको छ।

सो गाउँपालिका ४ बेल्ही चेपनास्थित श्री जनता माध्यमिक विद्यालयका ५ सय जना बालबालिकालाई स्कूल ब्याग, कापी, पेन्सिल, ईरेजर, कटर, टाई बेल्ट लगायतका शैक्षिक सामग्री वितरण गरिएको हो।

कार्यक्रममा ४ सय बालबालिकालाई चार सय दरले छात्रवृति रकम समेत वितरण गरिएको छ।

गाउँपालिका अध्यक्ष ओम प्रकाश मण्डलले छोराछोरीलाई राम्रो शिक्षा दिने अभिभावकहरुको रहर हुँदा हुँदै आर्थिक अभावका कारण रहर पुरा गर्न असमर्थ रहने गरेको पाईएकाले शैक्षिकस्तर उन्नति कार्यक्रम अन्तरगत पालिका भित्रका विद्यालयहरुमा क्रमिक रुपमा शैक्षिक सामग्री वितरण कार्यक्रम थालिएको बताए।

राष्ट्रिय मुक्ति क्रान्ति नेपालका केन्द्रीय सदस्य गजेन्द्र मण्डलले शिक्षातर्फ आकर्षित गराउन तथा विद्यालयमा निरन्तर उपस्थितिका लागि प्रोत्साहन गर्ने उद्देश्यले गाउँपालिकाले थालेको प्रयास प्रशंसनीय रहेको बताए।

विद्यालयद्वारा आयोजना गरिएको कार्यक्रममा वडा अध्यक्ष अशोक साह, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नन्दकिशोर मण्डल, सदस्य अभिनन्दन मण्डल, बुतनी सदा, प्राध्यानाध्यापक रविन्द्र साह, अभिभावक राजकुमार मण्डल लगायतले पनि बोल्दै यस्ता कार्यक्रमले बालबालिकालाई विद्यालयमा पहुँच र पढाईमा आकर्षण बढाउन मद्दत पुर्‍याउने विश्वास व्यक्त गरे।

# प्रदेश सरकारले दैवी प्रकोप कोषमा ५१ लाख दिने

**राजविराज**/मधेस प्रदेश सरकारले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा आर्थिक सहयोग दिने निर्णय गरेको छ।

मन्त्रीसहित प्रदेश सरकारमा सहभागी सत्तारुढ दलहरूको संयुक्त बैठकले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ५१ लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरेको हो।

मुख्यमन्त्री सतिस सिंहले बैठकले प्रदेश सरकारको तर्फबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा राहतस्वरुप आर्थिक सहयोग गर्ने निर्णय गरेको जानकारी दिए।

# लगातारको वर्षापछि घाम लागेपछि राहत

**राजविराज**/गत साता बुधबारदेखी शनिबारसम्म लगातार चार दिन भएको वर्षाका कारण जनजीवन कष्टकर बनेको बेला गत आईतवार बिहानैदेखी घाम लागेपछी सर्वसाधारणले राहत महसुस गरेका छन।

गत शनिवार राती देखी वर्षा रोकिएको र आईतवार बिहानैदेखि घाम लाग्न सुरु भएपछी सर्वसाधारणले राहत महसुस गरेका हुन।

वर्षा रोकिएर घाम लागेपछी अहिले बजारमा चहल पहल समेत बढेको छ। यस्तै विद्यालयहरुमा पनि विद्यार्थीको उपस्थिती संख्या बढेको विद्यालयहरुले जनाएको छ।

त्यसैगरि सप्तकोशी नदीमा समेत पानीको सहत घट्न थालेको छ। पानीको सतह बढेर पुलमाथीबाटै बग्न थालेपछि आवागमन रोकिएको थियो। आवागमन गत आइतबार साँझदेखी संचालनमा आएको छ।

# राष्ट्रिय मुक्ति क्रान्ति नेपाल सप्तरी संयोजकमा चौधरी

**राजविराज**/राष्ट्रिय मुक्ति क्रान्ति नेपाल सप्तरी संयोजकमा दिपेन्द्र चौधरीलाई मनोनित गरिएको छ।

पार्टी अध्यक्ष राजेन्द्र महतोको अध्यक्षतामा मंगलबार बसेको बैठकले ७७ वटै जिल्लाको संयोजकहरु मनोनित गरेको हो।

यस्तै मधेश प्रदेशको सिरहामा सत्यनारायण साह, धनुषामा राजेश चौधरी राजु, महोत्तरीमा अवधेश प्रसाद, सर्लाहीमा बिनोद साह, रौतहटमा अवधलाल राय, बारामा अमरदेव यादव र पर्सामा राजेश साहलाई संयोजक तोकिएको पार्टीका अध्यक्ष महतोद्वारा जारि विज्ञप्तिमा जनाएको छ।

सोही बैठकले पार्टीका सबै नेता कार्यकर्ताहरुलाई बाढी पहिरोबाट पीडित भएका आमजनतालाई तन, मन, धनका साथ दुखको घडीमा सहयोग गर्न आग्रह गर्ने निर्णय पनि गरेको छ।

## *कतिपय स्थानीय तह...*

गाउँपालिकासँग सम्बन्धित छ। हल्दीबारी गाउँपालिकाकी ईश्वरा तिवारी कँडेलले दुई वर्षअघि आफ्नो गाउँपालिकाको गतिविधिबारे सूचना माग गरेकी थिइन्। उनले सूचना अधिकारीलाई सम्बोधन गरी निवेदन लेखेकी थिइन्। निवेदन बुझाउन जाँदा त्यहाँको सूचना अधिकारी नै को हो भन्नेमा अन्योल देखियो। पालिकाको कार्यालयमा स्पष्ट रूपमा सूचना अधिकारीका बारेमा कुनै जानकारी राखिएको थिएन, पछि त्यहाँको प्रमुख प्रशासकीय अधिकृतलाई निवेदन बुझाइयो, तर प्रशासकीय अधिकृतले 'हैट कहाँ हुन्छ, यसरी सूचना माग गर्न पाइन्छ ? जे पायो त्यही माग्ने ? जे मन लाग्यो जतिखेर पायो, त्यही सूचना माग गर्ने ?' भन्दै सूचना मागकर्तालाई कार्यालयबाट धपाइयो। पछि उनले केही अभियन्तासँग छलफल गरी हुलाकमार्फत सूचना माग गरिन्। ऐन अनुसार तोकिएको समयमा सूचना प्राप्त भएन।

पुनः उनले कार्यालय प्रमुखसमक्ष उजुरी गरिन्, फेरि पनि सूचना पाइएन। किन भन्दा यसअघि सूचना दिन नमान्ने व्यक्ति तिनै प्रमुख थिए। उनले सूचना माग गर्न छाडिनन्। विभिन्न विषयमा एक दर्जनभन्दा बढी सूचना माग गर्दा कुनै जवाफ नआएपछि उनले सञ्जालसँग आबद्ध अन्य अभियन्तासँग परामर्श गरिन् र आयोगसमक्ष पुनरावेदन दिइन्।

पटकपटक माग गरेको सूचनाबारे आयोगसमक्ष पुनरावेदन दिएपछि मात्रै सुनुवाइ भयो। आयोगले गाउँपालिकाका कार्यालय प्रमुखलाई सूचना नदिनुको कारण सोध्यो र साथै यथाशीघ्र सूचना उपलब्ध गराउनू भन्ने आदेश दियो। उक्त आदेशलाई समेत हल्दीबारी गाउँपालिकाले मानेन, तर विभिन्न किसिमका भ्रष्टाचारका विषयमा अभियन्ताले सूचना माग गर्ने क्रम जारी राखे। ईश्वराले पनि निरन्तर सूचना माग र पुनरावेदन गरिरहिन्। अघिल्लो वर्षदेखि त्यो गाउँपालिकाले सूचना अधिकारीलाई पूर्ण जिम्मेवारी दिएर सूचना उपलब्ध गराउन सुरु गर्‍यो।

अहिले हल्दीबारी गाउँपालिकामा सूचना उपलब्ध गराउने वातावरण बनाइएको छ, भ्रष्टाचारका विभिन्न घटना सार्वजनिक भएका छन्। सयौँ सूचना माग गरेर गाउँपालिकालाई जवाफदेही बनाउन, पारदर्शी र सुशासनमुखी बनाउन पहल गरेकामा ईश्वरालाई गत वर्षको उत्कृष्ट सूचनाको हकका अभियन्ताका रूपमा आयोगले पुरस्कृत समेत गरेको छ। उनीसँगै विभिन्न जिल्लाका गरी पाँच अभियन्ताले गत वर्षको उत्कृष्ट सूचनाको हकको अभियन्ता पुरस्कार पाउन सफल भएका छन्। सूचनाको हक प्रवर्द्धनमा ग्रामीण तहसम्म खेलेको महत्वपूर्ण भूमिका, विभिन्न पहल र योगदानको कदर गर्दै उनीहरुलाई यो सम्मान र पुरस्कार दिइएको हो।

२०८१ असार ३ गते गोकर्णेश्वर नगरपालिका र त्यस अन्तर्गतका निकायमा भएका अनियमितता एवं बेथितिका विषयमा सूचना माग गर्ने सूचनाको हकका लागि राष्ट्रिय महासङ्घ जिल्ला कार्य समिति काठमाडौँका कार्य समिति सदस्य अस्मिता खत्री, गोकर्णेश्वर नगर समिति संयोजक आदर्श क्षेत्री, अभियानकर्मीहरू राजु सुनार, प्रेमप्रसाद श्रेष्ठ, किरण केसी र बलराम चालिसेलाई प्रहरीवृत्त बौद्धले हिरासतमा लियो। बेनामी उजुरी परेका आधारमा असार ३ गते चारजना र असार १० गते दुईजना गरी ६ जना अभियानकर्मीलाई प्रहरीले नियन्त्रणमा लिई झुटा मुद्दा चलाउन खोजेको थियो। निष्पक्ष छानबिनका लागि महासंघले निरन्तर दबाब दियो। अन्ततः उनीहरूका विरुद्ध कुनै पनि प्रमाण नपुगेका कारण प्रहरी प्रशासनले रिहा गर्न बाध्य भयो।

माथिका केही प्रतिनिधिमूलक घटना हेर्दा आम नागरिकको सवाल उठान गर्न, ती सवालउपर सूचना माग गरेर सार्वजनिक गर्न र ती निकायलाई जवाफदेही, पारदर्शी र सुशासनमुखी बनाउन हजारौँको संख्यामा अभियन्ता देशैभरि सातवटै प्रदेश र ७७ वटै जिल्लामा क्रियाशील रहेको पाइएको छ।

सञ्जालले ती अभियन्ताको क्षमता अभिवृद्धिका लागि बेलाबेला सूचनाको हकको प्रवर्द्धनबारे प्रशिक्षण र गोष्ठी सञ्चालन गर्ने कार्य गरिरहेको छ। साथै अभियन्तालाई आचारसंहिताभित्र रहेर कार्य गर्न र गराउन समेत सचेत गराउँदै आइरहेको छ। अभियन्ताले सर्वसाधारणलाई स्वयंसेवी भावले निःशुल्क सूचना मागको निवेदन तयार गर्न सहयोग गर्नेदेखि निकायले प्रदान गर्ने सेवा-सुविधाबारे, ती निकायको कार्य प्रकृतिबारे समेत जानकारी दिई सहयोग गरिरहेका छन्।

स्थानीय तहमा रहेका सूचना अधिकारीसँग समन्वय गरेर बढीभन्दा बढी प्रभावकारी ढंगले सूचना प्रवाह गर्नका लागि, सर्वसाधारणसम्म सूचना पुर्‍याउनका लागि अन्तर्क्रिया, छलफल निरन्तर गरिरहेका छन्। विभिन्न दिवसका अवसरमा सार्वजनिक निकायसँग सहकार्य र समन्वय गरेर प्रवर्द्धनात्मक अभियान सञ्चालन गर्ने, गाउँ तहमा साना-साना छलफल सञ्चालन गर्ने कार्यहरू निरन्तर जारी छ। आफ्नो कार्य व्यस्तता पछि बाँकी रहेको समयमा नितान्त स्वयंसेवी भावले कार्य गरिरहेका ती अभियन्ताको हौसला बढाउनका लागि आयोगले पनि विभिन्न कार्यक्रम ल्याउन जरुरी छ।

७७ वटै जिल्लामा र ७५३ वटै स्थानीय तहमा रहेका अभियन्तालाई सूचनाको हकको प्रवर्द्धनात्मक कार्यहरूमा बढीभन्दा बढी परिचालन गर्न सञ्जालमार्फत आयोगले पहल अगाडि बढाउन जरुरी छ। जिल्लास्थित प्रशासन कार्यालय र हुलाक कार्यालयलाई दिइएको जिम्मेवारीलाई अझ चुस्त-दुरुस्त बनाउन सके र अभियन्तालाई त्यो कार्य प्रणालीमा जोड्न सके यो अभियान अझ प्रभावकारी हुने कुरामा दुईमत छैन। (लेखक सूचनाको हकका लागि राष्ट्रिय महासंघको केन्द्रीय समिति महासचिव हुन्।) रातोपटीबाट

# साइबर क्राइम

**पृष्ठभूमी**

वर्तमान समय सामाजिक संजालको युग हो। फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन्। सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ। मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष भैँ कुराकानी गर्न पाएका छन्। तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ। जसलाई साइबर अपराध भनिन्छ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ। विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ। इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्‍याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो। त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्‍याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ। यद्यपि अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन। प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ। त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर व्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ। प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ। यसबाहेक साइबर व्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन्। काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ। विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ। प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ। अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोबाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ। आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ। अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्टोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ। अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ। अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ। पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ।

**निष्कर्षः**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन्। पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ। साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ। अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ। आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ।

**जनहितका लागि**
**डाक्नेश्वरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय पातो, सप्तरी**

# छोटो समयको अवधीमा मुलुकमा थुप्रै विकास भएको छ : मन्त्री लेखी




**राजविराज**/श्रीपुर्राज सामुदायिक विकास केन्द्र सप्तरीको २९ औं साधारणसभाको अवसरमा मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानून मन्त्री राजकुमार लेखीले संघीय लोकतान्त्रिक व्यवस्थाका कारण छोटो समयको अवधीमा मुलुकमा थुप्रै विकास भएको दाबी गरेका छन् ।

सप्तरीको खडक नगरपालिकाको सभाहलमा शुक्रवार आयोजित साधारण सभामा मन्त्री लेखीले नेपाली जनताको ठुलो संघर्षबाट संघीय लोकतान्त्रिक व्यवस्था आएको उल्लेख गरे । उनले संघीय व्यवस्थाको बिरुद्धमा छिटफुट आवाजहरु सुनिने गरेकोले सचेत हुनुपर्ने समेत बताए ।

संघीय व्यवस्थाले देशमा स्वास्थ्य शिक्षा, पुर्वाधार विकासमा छोटो समयमै आमूल परिवर्तन ल्याएको दाबी गर्दै उनले संघीयतालाई संस्थागत गर्न तथा थप अधिकार सुनिश्चितताका लागि एकजुट हुनुपर्नेमा जोड दिए ।

सामाजिक तथा आर्थिक रुपान्तरणमा श्रीपुर्राज संस्थाले पुऱ्याएको योगदान अविस्मरणीय रहेको चर्चा गर्दै उनले उत्पीडित समुदायको विकासका लागि प्रदेश सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

सोही साधारणसभामा संस्थाले पत्रकार राजु विश्वकर्मासहित चारलाई सम्मान गरेका छन् । पत्रकार विश्वकर्मासहित सरस्वती सामुदायिक विकास मञ्च तेरहौता सप्तरीका अध्यक्ष दिलिप चौधरी, द फ्रिडक फण्डका कार्यक्रम व्यवस्थापक जिएम श्रेष्ठ र द फ्रिडक फण्डका सल्लाहकार ब्रहमदेव रामलाई सम्मान गरिएको हो । चारै जनालाई मन्त्री लेखीले सम्मान गरे ।

संस्थाको बिकासमा बिशेष योगदान पुऱ्याए वापत चारै जनालाई सम्मान गरिएको संस्थाका टिम लिडर बिनोदानन्द चौधरीले जानकारी दिए ।

संस्थाका अध्यक्ष चतुरनारायण चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा जिल्ला समन्य समिति सप्तरीका प्रमुख शिवनारायण साह, सुरुङ्गा नगरपालिकाका नगरप्रमुख गिता चौधरी, द फ्रिडम फण्डका सल्लाहकार ब्रहमदेव चौधरी, तत्कालिन कुशहा गाविसका अध्यक्ष देवानन्द चौधरी, पत्रकार राजु विश्वकर्मा, बृजमान तामाङ, राष्ट्रिय दलित नेटवर्कका प्रतिनिधि संजय महरा,नेपाल राम समाजका अध्यक्ष प्रथम लाल राम, हरवा चरवा अधिकार मञ्च सप्तरीका उपाध्यक्ष उमाकान्त सदा, श्रीपुर्राज सामुदायिक विकास केन्द्रका पुर्व कर्मचारी प्रधानाध्यापक अशोक कुमार खंग, डाक्नेश्वरी नगरपालिकाका हरवा चरुवा सञ्जालका अध्यक्ष मधु सदा, सदस्य निर्मला कुमारी राम, हरवा चरवा सञ्जाल शम्भुनाथ नगरपालिका संयोजक युगेश्वर सदा, रुपनीकी रन्जना सदा लगायतले बोलेका थिए ।

श्रीपुर्राज सामुदायिक बिकास केन्द्रका सदस्य लाल बहादुर चौधरीद्वारा सञ्चालित कार्यक्रममा संस्थाका सचिब सुनिल कुमार चौधरीले स्वागत गरेका थिए ।


## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**छिन्नमस्ता गाउँपालिका, सप्तरी**



## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।


**बलान बिहुल गाउँपालिका, सप्तरी**

## अन्तर्राष्ट्रिय समाचार

### नाइजेरियामा दश हजारभन्दा बढीमा हैजा सङ्क्रमण, तीन सयभन्दा बढीको मृत्यु

**नाइजेरिया**/यस वर्षको जनवरीदेखि सेप्टेम्बरको बीचमा दक्षिणपश्चिमी राज्य लागोससहित ३३ वटा नाइजेरियाली राज्यमा हैजाको प्रकोपले कम्तीमा ३५९ जनाको मृत्यु भएको नाइजेरियाको रोग नियन्त्रण तथा रोकथाम केन्द्र (एनसीडीसी) ले जनाएको छ ।

राजधानी अबुजामा हैजाको प्रकोपको अद्यावधिक गरिएको तथ्याङ्कमा जनस्वास्थ्य विभागले सङ्क्रमितको सङ्ख्या बढेर दश हजार ८३७ पुगेको पुष्टि गरेको छ ।

यस वर्ष अहिलेसम्म नाइजेरियाका ३३ वटा राज्यमा हैजाको घटना सुचित गरिएको छ । गत हप्ता मात्रै पाँच राज्यमा १ सय ९८ वटा नयाँ सङ्क्रमण रिपोर्ट गरिएको थियो जसमा मृत्युको अनुपात ७.६ प्रतिशत रहेको एनसीडीसीले जनाएको छ ।

क्षेत्रीय राष्ट्रिय हैजा प्राविधिक समूहको नेतृत्व गर्दै, एनसिडिसीले अधिकारीहरूलाई हैजा रोकथामको तयारी र प्रतिस्थापन योजना बढाइ आपतकालीन व्यवस्थापनको लागि क्षमता विकास गर्न आग्रह गरेको छ ।

प्रकोपबाट प्रभावित समुदायमा खुलारुपमा दिसापिसाब गर्ने गलत अभ्यास रहेको एनसिडिसीले उल्लेख गरेको छ । पिउने पानी र सरसफाइमा कमजोर पहुँचलाई प्रकाश पार्दै एनसिडिसीले यस्तो अस्वस्थ्य अभ्यासले हैजा फैलावट रोक्ने देशको प्रयासमा चुनौती खडा गरेको जनाएको छ ।

हैजा एक अत्यधिक विषाक्त रोग हो जुन गम्भीर झाडा-पखालाको अचानक सुरुवातको विशेषता हो । यसले शरीरमा तरल पदार्थको कमी (डिहाइड्रेसन) का कारण मृत्यु निम्त्याउन सक्छ । विशेष गरी घना जनसङ्ख्या भएका क्षेत्रहरूमा पिउने पानीको आपूर्तिको अभावका कारण नाइजेरियामा हैजाको प्रकोप बारम्बार बढिरहेको जनाइएको छ । एजेन्सी

### इरानको तेल साइटमा आक्रमण नगर्न इजरायललाई राष्ट्रपति बाइडेनको चेतावनी

**वासिङ्टन**/अमेरिकी राष्ट्रपति जो बाइडेनले शुक्रबार इजरायललाई इरानको तेल साइटहरुमा आक्रमण नगर्न सल्लाह दिँदै मध्यपूर्वमा युद्धको बढ्दो सम्भावनाबाट बच्न विश्वलाई एकिकृत गर्न खोजिरहेको बताउनुभएको छ ।

ह्वाइट हाउसमा पूर्वजानकारी बिना अकस्मात आयोजित ब्रीफिंगमा बाइडेनले इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले अर्को कदमबारे निर्णय गर्दा इजरायलका लागि अमेरिकी समर्थनलाई स्मरण गर्नुपर्ने बताउनुभयो ।

“यदि म इजरायलको ठाउँमा हुन्थे भने म तेल साइटमा आक्रमण गर्ने बाहेक अन्य बिकल्पको बारेमा सोच्ने थिए”, बाइडेनले सञ्चारकर्मीलाई बताउनुभयो ।

“इजरायलमा मङ्गलबार इरानले गरेको विशाल ब्यालिस्टिक क्षेप्यास्त्र आक्रमणको बदलामा इजरायलीहरु के गर्ने, कसरी गर्ने भन्ने निष्कर्षमा पुगेका छैनन“ बाइडेनले बताउनुभयो ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले बिहीबार इजरायलमाथि तेहरानको मिसाइल आक्रमणकोप्रतिशोधमा इरानी तेल साइटहरूमा सम्भावित इजरायली आक्रमहरूबारे ‘छलफल गरिरहेको’ बताउनुभएपछि तेलको मूल्य बढेको हो ।

राष्ट्रपतिय निर्वाचन नजिकिँदै गर्दा कुनै पनि दीर्घकालीन वृद्धि अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसका लागि हानिकारक हुन सक्छ । यसैबीच, उत्तरी क्यारोलिनामा चुनावी प्रचारमा लाग्नुभएका राष्ट्रपति उम्मेदवार डोनाल्ड ट्रम्पले इरानको आणविक सुविधलाई इजरायलले लक्षित गर्ने सम्भावनाबारे बाइडेनलाई यस हप्ता सोधिएको प्रश्नलाई उद्धृत गर्दै इरानप्रति प्रतिक्रिया कस्तो हुनुपर्छ भन्नेबारे अझ बढी उत्तेजक दृष्टिकोण प्रस्तुत गर्नुभएको छ । एजेन्सी

### शान्तिपूर्ण अमेरिकी निर्वाचनबारे विश्वस्त छैन : राष्ट्रपति बाइडेन

**वासिङ्टन**/राष्ट्रपति जो बाइडेनले शुक्रबार नोभेम्बरमा हुने अमेरिकी चुनाव शान्तिपूर्ण हुने कुरामा विश्वस्त नभएको बताउनुभएको छ । सन् २०२० को हारलाई अस्वीकार गर्ने रिपब्लिकन प्रतिद्वन्द्वी डोनाल्ड ट्रम्पको भड्किलो टिप्पणीलाई उद्धृत गर्दै बाइडेनले यो टिप्पणी गर्नुभएको हो ।

ट्रम्पले सन् २०२० मा बाइडेनसँगको हारपछि चुनावमा व्यापक घोटाला भएको आरोप लगाएपछि उहाँका समर्थकहरुले राजधानीमा तोडफोड गरेका थिए । “म विश्वस्त छु कि यो निर्वाचन स्वतन्त्र र निष्पक्ष हुनेछ । तर यो शान्तिपूर्ण हुन्छ वा हुँदैन मलाई थाहा छैन“, बाइडेनले चुनावको बारेमा छलफल गर्दा सञ्चारकर्मीलाई बताउनुभयो ।

“ट्रम्पले अन्तिम पटक चुनावको नतिजा मन नपराउँदा गरेका टिप्पणीहरु निकै खतरनाक थिए । ”रिपब्लिकनको पराजयपछि उहाँका सयौं समर्थकहरुले द्वन्द्व फैलाएपछि ट्रम्पलाई सन् २०२१ मा विद्रोह उक्साएकोमा महाभियोग लगाइएको थियो । एजेन्सी

# बाढी नियन्त्रणका लागि नेपालले भारतसँग सहकार्य गर्नुपर्छ : वक्ताहरु



**जनकपुरधाम**/चुरे विनाशका कारण नेपालको हिमाल, पहाड र मधेशका साथै भारतको विहार र उत्तर प्रदेशलाई पनि व्यापक क्षति भइरहँदा समेत दुवै देशको सरकार उदासीन बन्नु चिन्ताजनक रहेको एक कार्यक्रमका वक्ताहरुले बताएका छन् ।

नेपाल-भारत खुला सीमा संवाद समूहको आयोजनामा जनकपुरधाममा शुक्रबार आयोजित 'बाढ विपद : आर और पार' विषयक अन्तरक्रिया कार्यक्रममा वक्ताहरुले यस्तो धारणा राखेका हुन् ।

कार्यक्रमका अधिकांश वक्ताहरुले चुरे विनाशका कारण नदीहरु पुरिएर बहाव नियन्त्रणभन्दा बाहिर गएपछि मधेश र विहारमा भइरहेको व्यापक क्षति रोक्न दुवै देशका सरकारहरु उत्सुकता नदेखाएको आरोप लगाए ।

सोहि कार्यक्रमलाई सम्बोधन गर्दै नेपाली कांग्रेस मधेश प्रदेशका सभापति तथा पूर्वमन्त्री कृष्णा यादवले चुरे विनाशको सवालमा आफूले पटक-पटक पार्टीको केन्द्रीय समितिमा पनि आवाज उठाँउदा समेत कुनै सुनुवाई नभइरहेको बताए ।

उनले नेपालको हरेक आपदा विपदामा भारत सरकार पहिलो सहयोगीको भूमिकामा रहे पनि नेपाल सरकारका केही व्यक्ति त्यसो हुनबाट रोकिरहेको र भारतलाइ गाली गरी ठूलो नेता बन्न नेपालमा होड चलेको बताएका थिए ।

कार्यक्रमको प्रारम्भमा एक कार्यपत्र प्रस्तुत गर्दै नेपाल-भारत खुला सीमा संवाद समूहका केन्द्रीय अध्यक्ष डा. राजीव झाले सन् २००८ मा कोशीको तटबन्ध फुट्दा हजारौँले ज्यान गुमाएको, नेपाल र भारतका ३० लाख मानिस प्रभावित भएको सहितका दृष्टान्त प्रस्तुत गरेका थिए । 'पानी स्वभाविक उचाईबाट तल, उत्तरबाट दक्षिण बग्ने नै हो । "न नेपालले रोक्न सक्छ न त भारतले छेक्न सक्छ । हामी भाग्यमानी छौ कि हामीसँग पर्याप्त पानी वर्षायाममा हुन्छ तर दुर्भाग्य त्यसको सहि सदुपयोग गर्न नसक्दा यसले विनास निम्त्याउने गरेको छ", उनले थपे ।

राष्ट्रिय मुक्ति क्रान्ति नेपालका नेतासमेत रहेका डा.झाले भने, 'चुरे दोहनको कारण पहाडमा पानी रुकिरहेको छैन र पानीको आत्यधिक चापले अनियन्त्रित भई नेपाल र भारत दुवैतिर क्षति पुऱ्याइरहेको छ ।' वर्षायामभन्दा पहिले बाढी नियन्त्रणका लागि संयुक्त रुपमा काम गर्न नेपाल सरकारलाई भारत सरकारसँग समन्वय गर्न अनुरोध गर्नु पर्ने उनले बताए । सिमा आरपार बस्नेहरु आपद विपदको बेला एक आपसमा सहयोग गरी बसेको उनले धारणा राखे ।

भारत विहारका वरिष्ठ पत्रकार ललित झाले नदी बचाउन सबैभन्दा पहिला आफैबाट सुधारको प्रयास गर्नुपर्ने र माटो तथा जमिनलाई साँस फेर्न अवरोधक मानिएका पोलिथिन, प्लाष्टिकको प्रयोग बन्द गर्दै पर्यावरण संरक्षक वृक्षलाई नाश गर्ने कार्य बन्द गरी वृक्षारोपण गर्नुपर्ने बताएका छन् ।

कार्यक्रममा जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डल, नागरिक समाजका अगुवा मुरली मनोहर मिश्रा, उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष जितेन्द्र महासेठ, मिडिया काउन्सिलको कार्यबाहक अध्यक्ष कैलाश दास सहितकाले प्राकृतिक श्रोत साधनको दोहनका कारण यस्ता विपदा आउँदा समेत राकथाम समेत हुन नसक्नु दुःखद रहेको बताए ।

चुरे अभियानी दिपक यादवले चाइनिज कम्पनीले खुट्टी खोलामा गहिरो खाल्टो खनेर मुहाननै फेरि दिएको, हिन्दी अभियानी रमन पाण्डेले चिनले सुनियोजित तरिकाले सडक निर्माणको नाममा पहाड, खोला नाला उत्खनन् गरिरहेको जुन हाम्रो लागि दुश्मन जस्तो व्यवहार भएको धारणा राखे ।

सो अवसरमा पत्रकार श्याम सुन्दर शशी, भारतीय कम्युनिस्ट पार्टी मालेका नेता भुषन सिंह, बाढी विज्ञ रत्नेश्वर लाल कर्णले पनि बाढीको समस्या र समाधानका केही उपाय बताएका थिए ।

कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिका वडा नं. ३ का वडा अध्यक्ष दिपेन्द्र साह, शिक्षक सत्रुधन साह, नेता संजय सिंह, बिनोद ठाकुर, संतोष लाल कर्ण, प्रा.डा. वीरेन्द्र लाल कर्ण, प्राध्यापक ईश्वरकान्त झाले आ-आफ्नो मन्तव्य राखेका थिए ।

समूहका केन्द्रीय उपाध्यक्ष शिव शंकर साह हिराले स्वागत गरेको सो कार्यक्रमको सञ्चालन रास्ट्रिय मुक्ति क्रान्तिका नेता संजय चौधरीले गरेका थिए । सो अवसरमा बाढी पहिरोमा परि नेपाल भारतमा ज्यान गुमाएकाहरु प्रति मैनवत्ति प्रज्वलन र मौन धारण गरि श्रद्धाञ्जली अर्पण गरिएको थियो ।

# छिन्नमस्तामा राष्ट्रिय खुल्ला अध्यक्षकप भलिवल सुरु

**राजविराज**/राष्ट्रिय खुल्ला अध्यक्षकप पुरुष भलिवल प्रतियोगिता शनिबारदेखि सप्तरीको छिन्नमस्ता गाउँपालिकामा सुरु भएको छ ।

प्रतियोगिताको तेश्रो संस्करण प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता भगवती मन्दिर नजिकै रहेको खेलमैदानमा शुरु भएको हो ।

प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी मेख बहादुर मंग्रातीले रिवन काटी बल सर्भिस गर्दै प्रतियोगिताको उद्घाटन गरे ।

उद्घाटन खेलमा मधेश प्रहरी तालिम केन्द्र राजविराजले छिन्नमस्ता 'बी'लाई २५-१७, २५-१२ र २५-२० को सोझो सेटमा पराजित गऱ्यो । छिन्नमस्ता गाउँपालिकाको आयोजनामा संचालित प्रतियोगिता २६ असोज सम्म चल्नेछ ।

प्रतियोगितामा मधेश प्रदेश प्रहरी तालिम केन्द्र राजविराज, झापा, उदयपुर, धनुषा, खडक नगरपालिका सप्तरी, बरख गण राजविराज तथा आयोजक छिन्नमस्ता 'ए' र 'बि' गरी कुल ८ टिमको सहभागिता रहेको छ ।

प्रतियोगिताको विजेता टिमले ट्रफीसहित नगद १ लाख १ हजार र उपविजेता टिमले ५१ हजार रुपैयाँ पुरस्कार स्वरुप पाउने छन् ।

त्यस्तै व्यक्तिगत विद्यातर्फ पनि सर्वोत्कृष्ट खेलाडीहरुका लागि पुरस्कारको व्यवस्था गरिएको गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले जानकारी दिए । उनले धार्मिक पर्यटकीय स्थलको रुपमा रहेको छिन्नमस्ता भगवतीको महिमा बारे प्रचार प्रसार तथा भलिबलको स्तरीय खेलाडी उत्पादन गर्ने उद्देश्यले पालिकाको लगानीमा राष्ट्रिय स्तरको भलिबल प्रतियोगिताको आयोजना गर्दै आएको बताए ।


## हार्दिक मंगलमय शुभकामना



२०८१ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सचिन्द्र दास**
अध्यक्ष, तथा
जनमूखी बहुउद्धेश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार



## हार्दिक मंगलमय शुभकामना



२०८१ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**शत्रुघन प्रसाद गुप्ता**
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार



## विपद्बाट बचौं र बचाऔं

विपद् आकस्मिकरुपमा आउने हुँदाः

- विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं,
- समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्सलगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं,
- विपद् आईहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्याल राखौं,
- विपत्तिमा परेकालाई उद्वार र पुनर्स्थापनामा सहयोग गरौं,
- विपद्सम्बन्धी सचेतना फैलाऔं,
- विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक :** श्रीमती सुमित्रा गुप्ता, **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *saptahiknavin@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*